श्री ५ को सरकार

कानून तथा न्याय मन्त्रालय

श्री ५ महाराजाधिराज वीरेन्द्र वीर विक्रम शाहदेवबाट राष्ट्रिय पञ्चायतको सल्लाह र सम्मतिले बनाइबक्सेको तल लेखिएबमोजिमको ऐन सर्वसाधारणको जानकारीको लागि प्रकाशित गरिएको छ ।

२०३९ सालको ऐन नं. २२

स्वस्तिश्री गिरिराजचक्रचूडामणि नरनारायणेत्यादि विविध विरुदावली विराजमान मानोन्नत महेन्द्रमाला परम नेपालप्रतापभास्कर ओजस्विराजन्य परम गौरवमय तेजस्वी त्रिभुवनप्रजातन्त्रश्रीपद परम उज्ज्वल कीर्तिमय नेपालश्रीपद परम प्रोज्ज्वल नेपालतारा परम पवित्र ॐरामपट्ट परम ज्योतिर्मय सुविख्यात त्रिशक्तिपट्ट परम सुप्रसिद्ध प्रबल गोरखादक्षिणबाहु परमाधिपति अतिरथी परम सेनाधिपति श्री श्री श्री श्री श्रीमन्महाराजाधिराज वीरेन्द्र वीर विक्रम शाहदेव देवानाम् सदा समरविजयिनाम् ।

प्रशासनसम्बन्धी केही नेपाल ऐनहरूलाई संशोधन गर्न बनेको ऐन

प्रस्तावना: प्रशासनसम्बन्धी केही नेपाल ऐनहरूलाई संशोधन गर्न वाञ्छनीय भएकोले, श्री ५ महाराजाधिराज वीरेन्द्र वीर विक्रम शाहदेवबाट राष्ट्रिय पञ्चायतको सल्लाह र सम्मतिले यो ऐन बनाइबक्सेको छ ।

१. संक्षिप्त नाम र प्रारम्भ: (१) यस ऐनको नाम "प्रशासनसम्बन्धी केही नेपाल ऐन संशोधन गर्ने ऐन, २०३९" रहेको छ ।

(२) यो ऐनको दफा २ को खण्ड (२) र (३) र दफा ३ को खण्ड (९), (१०) र (११) श्री ५ को सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशित गरी तोकिदिएको मितिदेखि र सोबाहेक अन्य दफाहरू तुरुन्त प्रारम्भ हुनेछन् ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

२. नेपाल निजामती सेवा ऐन, २०१३ मा संशोधनः नेपाल निजामती सेवा ऐन, २०१३ को,–

(१) दफा ८ को उपदफा (२) को सट्टा देहायको उपदफा (२) राखिएको छः–

"(२) दफा ७ अन्तर्गत बनेका नियमहरू बमोजिम माथिल्लो पदमा बढुवा हुनको निमित्त योग्य भएका सम्बन्धित सेवाको सम्बन्धित श्रेणीका कर्मचारीहरू मध्येबाट योग्यता र कार्यक्षमता समेतको आधारमा बढुवा गरिनेछ ।

तर–

(क) समान रूपमा योग्य देखिएका कर्मचारीहरूको हकमा नोकरीको जेष्ठताको आधारमा बढुवा गरिनेछ ।

(ख) राजपत्राङ्कित विशिष्ट श्रेणीको पदमा बढुवा गर्नको निमित्त यस ऐन अन्तर्गतका नियमहरूमा योग्यता, कार्यक्षमता समेतको अतिरिक्त अन्य आधारहरू समेत कायम गरी छनौट गर्न सकिनेछ ।"

(२) दफा ९ को सट्टा देहायको दफा ९ राखिएको छः–

"९. प्रशासकीय अदालतको गठन र काम कर्तव्यः (१) यो ऐन अन्तर्गत बनेका नियमहरूमा तोकिएको विभागीय सजाय दिने अधिकारीले भविष्यमा सरकारी नोकरीको निमित्त अयोग्य नठहरिने गरी वा सामान्यतः अयोग्य ठहरिने गरी दिएको विभागीय सजायको आदेश उपर पुनरावेदन सुन्न क्षेत्रीय अदालतको न्यायाधीश भैरहेको वा भैसकेको वा हुने योग्यता भएको व्यक्तिको अध्यक्षतामा एक प्रशासकीय अदालत गठन हुनेछ ।

(२) उपदफा (१) बमोजिम प्रशासकीय अदालतको गठन यस ऐन अन्तर्गत बनेको नियममा तोकिएबमोजिम हुनेछ ।

(३) प्रशासकीय अदालतले गरेको निर्णय अन्तिम हुनेछ ।

तर प्रत्यक्ष गम्भीर कानूनी त्रुटि देखिएमा सर्वोच्च अदालतले कारण खोली आफू समक्ष पुनरावेदन गर्न अनुमति दिन सक्नेछ ।

(४) कुनै निजामती कर्मचारीको सम्बन्धमा यस दफा बमोजिम पुनरावेदनको अन्तिम किनारा लागेपछि त्यसको परिणाम स्वरूप निजको नोकरी पुनः स्थापित हुने भएमा सो निर्णयको सूचना पाएको मितिले तीन महीनाभित्र उपस्थित हुन नआएमा निजको नोकरी थामी दिन कर लाग्नेछैन ।

(५) प्रशासकीय अदालतको अन्य काम, कर्तव्य र सो अदालतले आफ्नो अधिकार क्षेत्र प्रयोग गर्दा वा आफ्नो अन्य काम कारवाई गर्दा अपनाउने कार्यविधि नियममा तोकिएबमोजिम हुनेछ ।

अधिकारकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(६) पुनरावेदकले चाहेमा आफै वा वारिसद्वारा तारेखमा बस्न र कानून व्यवसायीद्वारा बहस पैरवी गराउन सक्नेछ ।"

(३) दफा ९ पछि देहायको दफा ९ क. र ९ ख. थपिएका छन्:–

"९क. निवेदनपत्र दिन सकिने: यो ऐन अन्तर्गत बनेका नियमहरूमा तोकिएको विभागीय सजाय दिने अधिकारीले दिएको विभागीय सजायको आदेशले कुनै व्यक्तिलाई मर्का परेको छ भने निजले यो ऐन अन्तर्गत बनेका नियमहरू बमोजिम तोकिएको अधिकारी समक्ष निवेदनपत्र दिन सक्नेछ ।

९ख. निर्णयमा असर नपर्ने: कुनै निजामती कर्मचारीको सम्बन्धमा यो ऐन अन्तर्गत बनेका नियमहरू बमोजिम अख्तियार प्राप्त अधिकारीले गरेको कारवाहीमा तात्विक असर नपर्ने सानोतिनो कानूनी त्रुटिबाट निर्णयमा असर पर्न सक्नेछैन ।"

(४) दफा १० पछि देहायको दफा १० क. थपिएको छ:–

"१०क. सेवामा नरहेको अवधिको तलब भत्ता नपाउने: प्रशासकीय अदालत वा अन्य कुनै अदालत वा अधिकारीको निर्णयले कुनै निजामती कर्मचारी सेवामा पुन: स्थापित भए तापनि निजले कार्यालयमा उपस्थित नभएको अवधिको तलब भत्ता वा सुविधा दावी गर्न पाउनेछैन ।"

(५) अनुसूची भाग (क) को नं. ८ मा रहेको "नेपाल वैदेशिक सेवा" र नं. ११ मा रहेको "नेपाल राजस्व सेवा" भन्ने शब्दहरू हटाइएका छन् ।

(६) यो ऐनमा प्रयोग भएको "प्रमोशन" भन्ने शब्दको सट्टा "बढुवा", "सिनियर" भन्ने शब्दको सट्टा "ज्येष्ठता", "सेक्रेटरी" भन्ने शब्दको सट्टा "सचिव" र "इन्क्वाएरी" भन्ने शब्दको सट्टा "छानबीन" भन्ने शब्द राखिएको छ ।

३. भ्रष्टाचार निवारण ऐन, २०१७ मा संशोधन: भ्रष्टाचार निवारण ऐन, २०१७ को,–

(१) दफा २ को,–

(क) खण्ड (ग) को सट्टा देहायको खण्ड (ग) राखिएको छ:–

"(ग) "विशेष प्रहरी अधिकृत" भन्नाले विशेष प्रहरी विभागको मुख्य अधिकृत, सो विभागको निजामती सेवातर्फका राजपत्राङ्कित अधिकृत वा सो विभागको प्रहरी सेवातर्फका निरीक्षक वा सोभन्दा माथिल्लो दर्जाको प्रहरी अधिकृत सम्झनुपर्छ र सो शब्दले यो ऐन अन्तर्गत भ्रष्टाचार निवारणको कामका खटिएको वा लगाएको अधिकृत तहका अन्य कुनै सरकारी कर्मचारीलाई समेत जनाउँछ ।"

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(ख) खण्ड (च) पछि देहायको खण्ड (छ) थपिएको छः–

"(छ) "प्रशासकीय अदालत" भन्नाले नेपाल निजामती सेवा ऐन, २०१३ अन्तर्गत गठित प्रशासकीय अदालत सम्झनुपर्छ ।"

(२) दफा ८ को सट्टा देहायको दफा ८ राखिएको छः–

"८. गैह्रकानूनी लाभ वा हानी पुऱ्याउने वदनियतले कुनै व्यक्तिले काम गरेमा दण्ड सजायः राष्ट्रसेवक बाहेक अरू कुनै व्यक्तिले आफू वा अरू कुनै व्यक्तिलाई गैरकानूनी लाभ पुऱ्याउने वदनियतले वा राष्ट्र वा श्री ५, श्री ५ को सरकार वा श्री ५ को सरकारको पूर्ण वा आंशिक स्वामित्व भएको संगठित संस्था वा त्यस्तो संस्थाको पूर्ण वा आंशिक स्वामित्व भएको कुनै संगठित संस्थासँग गरेको शपथ, कबूलियत, सम्झौता, ठेक्का लाईसेन्स, पर्मिट, प्रतिज्ञापत्र वा डिलरसिपको शर्त जानीजानी पालन, नगरेमा वा श्री ५ को सरकार वा त्यस्तो संगठित संस्थाले निर्धारित गरेको नियम वा कार्यविधि वा स्वीकार गरेको शर्त जानीजानी उल्लंघन हुने गरी अन्य प्रचलित कानूनद्वारा निषेधित तवरबाट व्यवसाय गरेमा वा सरकारी वा त्यस्तो संगठित संस्थाको सुविधा वा अधिकारको दुरूपयोग गरेमा वा त्यस्तो कुनै कार्य गर्न प्रयत्न गरेमा वा मद्दत गरेमा तीन महीनादेखि तीन वर्षसम्म कैद वा जरीवाना वा दुवै सजाय हुनेछ ।"

(३) दफा ९ पछि देहायको दफा ९ क. थपिएको छः–

"९क. प्रश्नपत्रको गोपनीयता भंग गरेमा दण्ड सजायः श्री ५ को सरकार, लोक सेवा आयोग वा अन्य संगठित संस्थाद्वारा संचालन गरिने परीक्षाको गोप्य प्रश्नपत्र निर्धारित समयभन्दा अगावै अधिकार प्राप्त अधिकारीले विशेष परिस्थिति परेको कारण जनाई खोलेमा वा खोल्न लगाएमा बाहेक कुनै राष्ट्रसेवकले आफू वा अरू कुनै व्यक्तिलाई गैरकानूनी लाभ पुऱ्याउने वदनियतले कुनै पनि प्रकारले त्यस्तो प्रश्नपत्रको गोपनीयता भंग गरेमा वा सो गर्न लगाएमा सो गर्ने गराउने राष्ट्र-सेवकलाई एक महीनादेखि एक वर्षसम्म कैद वा जरीवाना वा दुवै सजाय हुनेछ ।"

(४) दफा १३ को सट्टा देहायको दफा १३ राखिएको छः–

"१३. राष्ट्रिय वा सार्वजनिक वा आफ्नो जिम्मामा रहेको सम्पत्तिको हिनामिना, हानी नोक्सानी वा दुरूपयोग गर्ने वा गर्नेलाई दण्ड सजायः कुनै राष्ट्र-सेवकले आफ्नो ओहदाको वा सोसम्बन्धी कामकुरा गर्दा राष्ट्रिय वा

४९५

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

सार्वजनिक सम्पत्ति वा आफ्नो जिम्मा वा नियन्त्रणमा रहेको राष्ट्रको वा श्री ५ वा श्री ५ को सरकारको वा सरकारी मान्यता प्राप्त कुनै संस्थाको चल अचल सम्पत्ति लापरवाही वा वदनियत वा जालसाजी गरी हिनामिना, हानी नोक्सानी वा दुरूपयोग गरे गराएमा वा मासेमा वा निजी प्रयोगमा लगाएमा वा त्यस्तो गर्ने गराउने प्रयत्न गरेमा निजलाई कसूरको मात्रा अनुसार एक वर्षदेखि पाँच वर्षसम्म कैद वा जरीवाना वा दुवै सजाय हुनेछ । हिनामिना, हानी नोक्सानी वा दुरूपयोग गरेमा वा मासेको वा मास्न दिएको सम्पत्ति पनि निजबाट असूल गरिनेछ ।"

(५) दफा १६ क. को सट्टा देहायको दफा १६ क. राखिएको छः–

"१६ क. मतियारलाई सजायः यस परिच्छेद अन्तर्गत सजाय हुने कुनै कसूरको मतियारलाई त्यस्तो कसूर गर्ने व्यक्तिलाई हुने सजायको आधा सजाय हुनेछ ।

तर कसूर गर्ने व्यक्तिलाई त्यस्तो कसूर गर्न वा गरे वापत नगदी जिन्सी वा अन्य कुनै सुविधा उपलब्ध गराई दिने वा लिने मतियारलाई कसूर गर्ने व्यक्ति सरह नै सजाय हुनेछ ।"

(६) परिच्छेद २ मा दफा १६ क. पछि देहायको दफा १६ ख. र १६ ग. थपिएका छन्ः–

"१६ ख. झुट्ठा उजूर गर्नेलाई सजायः कसैले उजूर दिने मनासिब माफिकको कारण नभई खति पुऱ्याउने नियतले कुनै राष्ट्रसेवक वा व्यक्ति उपर जानीजानी झुट्ठा उजूर दिएको ठहरेमा निजलाई जरीवाना हुनेछ ।

१६ ग. जफत हुनेः यस परिच्छेद अन्तर्गत सजाय हुने कसूरसँग सम्बन्धित नगदी वा जिन्सी मालसामान सबै जफत हुनेछ ।"

(७) दफा १९ को उपदफा (२) को सट्टा देहायको उपदफा (२) राखिएको छः–

"(२) परिच्छेद २ अन्तर्गत सजाय हुने कसूरको सम्बन्धमा मौका तहकिकात वा अनुसन्धान गर्दा वा सबूद प्रमाण संकलन गर्दा कसूरमा मुछिएको व्यक्तिलाई गिरफ्तार गर्न सरकारी, अर्धसरकारी वा गैरसरकारी कार्यालय, गोदाम वा अन्य स्थानको खानतलासी लिने, सम्बन्धित कागजपत्र वा अन्य मालवस्तु आफ्नो जिम्मामा लिने, अभियुक्तलाई बयान गराउने, सरजमिन मुचुल्का तयार गर्ने समेत प्रचलित कानूनबमोजिम प्रहरीले पाए सरहको सबै अधिकार, कर्तव्य, सुविधा र दायित्व विशेष प्रहरी अधिकृतलाई प्राप्त हुनेछ । त्यस्तो तहकिकात र

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

अनुसन्धान गर्दा अभियुक्तलाई तारेखमा राख्ने, धरौटी वा जमानी लिई छाड्ने र धरौटी राख्न वा जमानी दिन नसकेमा थुन्नेबारे अदालतलाई भए सरहको अधिकार पनि आवश्यकता अनुसार विशेष प्रहरी अधिकृतले प्रयोग गर्न पाउनेछ ।"

(८) दफा २० को,–

(क) उपदफा (१) र (२) मा रहेको "नेपाल प्रहरी फोर्स नियमावली" भन्ने शब्दहरूको सट्टा "प्रहरी नियमावली" भन्ने शब्दहरू राखिएका छन् ।

(ख) उपदफा (३) मा रहेको "पठाउन सक्नेछ" भन्ने शब्दहरूपछि "र संगठित संस्थाले पनि यथाशीघ्र विभागीय कारवाई गर्नु पर्नेछ" भन्ने शब्दहरू थपिएका छन् ।

(९) दफा २१ को सट्टा देहायको दफा २१ राखिएको छः–

"२१. पुनरावेदन र पुनरावेदन दिने म्यादः दफा २० को उपदफा (१) र (२) अन्तर्गत विभागीय सजायको आदेश पाएको राष्ट्रसेवकले निजउपर दफा २४ अनुसार मुद्दा चलाइएकोमा सो मुद्दा हेर्ने अदालतबाट मुद्दाको किनारा भएको मितिले र मुद्दा नचलाइएकोमा विभागीय सजायको आदेशको सूचना पाएको मितिले पैंतीस दिनभित्र विभागीय सजायको आदेशउपर प्रशासकीय अदालतमा पुनरावेदन गर्न सक्नेछ ।"

(१०) दफा २१ पछि देहायको दफा २१ क. थपिएको छः–

"२१ क. सेवामा पुनः स्थापित हुनेः कुनै राष्ट्रसेवकउपर दफा २४ बमोजिम मुद्दा चलाइएकोमा निजले आफूलाई लागेको अभियोगमा सम्बन्धित अदालतबाट सफाइ पाएमा निज आफ्नो सेवामा पुनः स्थापित हुनेछ ।

तर निजले सम्बन्धित अदालतबाट सफाइ पाउने गरी फैसला भएको सूचना पाएको मितिले तीन महीनाभित्र सम्बन्धित कार्यालयमा उपस्थित हुन नआएमा निजको नोकरी थामी दिन बाध्य हुनेछैन ।"

(११) दफा २४ को उपदफा(१) को सट्टा देहाएको उपदफा(१) राखिएको छः–

"(१) परिच्छेद २ अन्तर्गत सजाय हुने कसूरको अभियोग लागेका सरकारी सेवामा रहेका कुनै राष्ट्रसेवकउपर दफा २० बमोजिम विभागीय कारवाई र सजाय भैसकेपछि विशेष प्रहरी अधिकृतले राजपत्र अनङ्कित राष्ट्रसेवकसम्बन्धी भए श्री ५ को

४९६

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

सरकारको स्वीकृति नलिइकन र राजपत्राङ्कित वा सोभन्दा माथिल्लो दर्जाको राष्ट्रसेवकसम्बन्धी भए श्री ५ को सरकारको स्वीकृति लिइकन सरकारी वकीलका राय अनुसार सोझै अदालतमा मुद्दा दायर गर्न सक्नेछ । यसरी मुद्दा दायर गर्ने वा नगर्ने निर्णय भएको सूचना विशेष प्रहरी अधिकृतले सम्बन्धित राष्ट्रसेवकलाई दिनु पर्नेछ ।"

(१२) दफा २४ पछि देहायको दफा २४ क. थपिएको छः–

"२४क. हदम्यादः यस ऐनबमोजिम मुद्दा दायर गर्ने हदम्याद कायम गर्दा सरकारी वा सार्वजनिक सम्पत्ति वा श्री ५ को सरकारको स्वामित्व भएको संस्थाको सम्पत्ति हिनामिना गरी भ्रष्टाचार गरेकोमा कुनै हदम्याद लाग्नेछैन । सोबाहेक अरू भ्रष्टाचारको कसूरमा विभागीय कारवाई समाप्त भएको मितिले ६ महीनाको र विभागीय कारवाई नभएकोमा अनुसन्धानको कारवाई शुरू भएको मितिले २ वर्षको हदम्याद हुनेछ ।

तर एउटै अपराधमा विभागीय कारवाही भएको र नभएको व्यक्ति मुछिएका रहेछन् भने छ महीना वा दुई वर्षमध्ये जुन पछि आउँछ सोही हद म्याद कायम हुनेछ ।"

(१३) दफा २६ मा रहेको "सरकारी सेवामा रहेको" भन्ने शब्दहरू झिकिएका छन् ।

(१४) दफा २३ र २६ मा प्रयोग भएको "सस्पेण्ड" भन्ने शब्दको सट्टा "निलम्बन" भन्ने शब्द राखिएको छ ।

(१५) दफा २७ को उपदफा (३) पछि देहायको उपदफा (४) थपिएको छः–

"(४) प्रचलित कानूनमा जुनसुकै कुरा लेखिएको भए तापनि यस ऐन अन्तर्गत सजाय हुने कसूरमा अभियुक्त इन्कार भएपनि तत्काल प्राप्त प्रमाणबाट निजले त्यस्तो कसूर गरेको देखिएमा वा गरेको हुन सक्छ भनी विश्वास गर्नु पर्ने मनासिब माफिकको कारण भएमा उक्त अदालतले अभियुक्तबाट धरौट वा जमानत माग गर्न सक्नेछ ।"

(१६) दफा २९ को उपदफा (२) को प्रतिबन्धात्मक वाक्यांशमा रहेको "मोल पर्ने वस्तु वा रिसवत लिएकोमा त्यस्तो माल वस्तु वा रिसवतको मोल" भन्ने वाक्यांश झिकिएको छ ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(१७) दफा ३१ ख. को उपदफा (१) र (२) मा रहेको "स्थायी" भन्ने शब्द झिकिएका छन् ।

(१८) दफा ३१ ख. पछि देहायको दफा ३१ ग. थपिएको छः–

"३१ ग. पुरस्कार दिनेः परिच्छेद २ अन्तर्गत सजाय हुने कसूर गरेको सुराक लगाई जाहेर गरी तत्सम्बन्धी अनुसन्धान, मौका तहकिकात वा अन्य सबूद प्रमाणको संकलनमा सहयोग पुऱ्याउने व्यक्तिलाई त्यस्तो जाहेरी विगोसम्बन्धी रहेछ भने उजूरीको अन्तिम किनारा भएपछि असूल भएको विगोको १० प्रतिशतले हुने रकम पुरस्कार स्वरूप दिइनेछ ।"

आज्ञाले,
ध्रुववर सिंह थापा
श्री ५ को सरकारको सचिव

लालमोहर सदर मितिः– २०३९।९।८।५

४३९

श्री ५ को सरकारको छापाखाना, सिंहदरबार, काठमाडौंमा मुद्रित ।
आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

मुद्रण विभाग, सिंहदरबार

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।